# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०

## आगामी आ.व. २०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यतालिका सार्वजनिक गरिएको सूचना

*सूचना प्रकाशित मिति: २०८०/०२/११*

आगामी आ.व. २०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि देहाय बमोजिमको कार्यतालिका सार्वजनिक गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

देहाय

| क्र.सं. | चरणहरु | समय सीमा | कै. |
|---|---|---|---|
| १ | स्थानीय राजश्व परामर्श समितिको बैठक एवं राजश्व प्रक्षेपण | २०८० जेष्ठ १४ गते | |
| २ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक एवं सीमा निर्धारण (कुल आयको प्रक्षेपण, स्रोत र साधनको सन्तुलित खाका तयार, स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण, विषय क्षेत्रगत बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरणका आधार तय, विषय क्षेत्रगत बजेट सम्बन्धी मार्गदर्शन तय एवं विषय क्षेत्रगत तथा वडागत बजेट सिलिङ) | २०८० जेष्ठ १६ गते | |
| ३ | वस्ती/टोलस्तरमा योजना छनौट | २०८० जेष्ठ १७, १८, १९, २०, २१, २२ र २३ गते | |
| ५ | विभिन्न राजनीतिक दल, स्थानीय वुद्धिजिवी, समाजसेवी, सरकारी एवं गैर सरकारी संघ/संस्था/समिति एवं अन्य सरोकारवालाहरुबाट नीति तथा कार्यक्रमका विषयमा सुझाव पेश गर्ने | २०८० जेष्ठ २४ गते | |
| ६ | गैर सरकारी संघ/संस्था/समिति/सहकारी संस्था लगायत सामाजिक तथा सामुदायिक संघ संस्थाबाट आगामी आ.व.मा संचालन गरिने कार्यक्रम पेश गर्ने | २०८० जेष्ठ २५ गते | |
| ७ | वडास्तरमा योजना प्राथमिकता निर्धारण तथा छनौट गरी बजेट तथा कार्यक्रम समितिमा पेश गर्ने | २०८० जेष्ठ २७ गते | |
| ४ | विषयगत समितिको बैठक बसी विषय क्षेत्रगत नीति तथा कार्यक्रम तय गर्ने | २०८० जेष्ठ २९ गते | |
| ८ | वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (नीति तथा कार्यक्रमको प्रस्ताव तयार, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने लगायत अन्य कार्य) | २०८० असार ०३ गते | |
| ९ | गाउँ कार्यपालिकामा बार्षिक नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी स्वीकृत गर्ने | २०८० असार ०४ गते | |
| १० | गाउँ सभामा बार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने | २०८० असार ०५ गते | |
| ११ | गाउँ सभामा बार्षिक नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी स्वीकृत गर्ने | २०८० असार मसान्त | |

२०८०/०२/११

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत